नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौँ

# प्रेस विज्ञप्ती-५५

## "ललिता निवास जग्गा हिनामिना प्रकरणका मुख्य बिचौलिया पक्राउ"

उपरोक्त सम्बन्धमा समरजंग कम्पनीको जाहेरीले बादी नेपाल सरकार प्रतिबादी **राम कुमार सुवेदी** समेतका प्रतिवादीहरुले तत्कालिन श्री ५ को सरकारबाट रितपूर्वक मुआब्जा दिई अधिग्रहण गरिएको काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ४ बालुवाटार स्थित ललिता निवास क्याम्प भित्रको सरकारी जग्गा विभिन्न व्यक्तिहरुको संलग्नतामा झूठो र किर्ते समेतको फरक व्यहोराको प्रस्ताव पेश गरी, कानूनको दुरुपयोग र अपव्याख्या एवं मन्त्रिपरिषदको निर्णय विपरित समेत गरी बदनियतपूर्वक राज्यलाई हानी हुने गरी नेपाल सरकार समरगंज कम्पनीको नाममा रहेको सरकारी जग्गा अन्य व्यक्तिहरुलाई फाईदा हुने गरी सार्वजनिक र सरकारी जग्गा हिनामिना र हानी नोक्सानी पुऱ्याएको भन्ने समेत व्यहोराको **लिखत सम्बन्धी कसूर** मुद्दामा अनुसन्धानको सिलसिलामा निम्न व्यक्तिहरुलाई मिति २०७८/०९/०६ गते पक्राउ गरी सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट दिन ५ (पाँच) को म्याद थप अनुमती लिई अनुसन्धान भईरहेको।

**पक्राउ भएका व्यक्तिहरुको विवरण:-**



१) **नाम थर:- राम कुमार सुवेदी**
उमेर:- ५७ वर्ष
स्थायी ठेगाना:- का.जि.का.म.न.पा. वडा नं. १३ ताहाचल।
पक्राउ मिति:- २०७८/०९/०६ गते।
पक्राउ स्थान:- का.जि. का.म.न.पा. कमालादी।
हैसियत:- सरकारी जग्गा गुठीको नाममा बनाई हाल उक्त जग्गा निज राम कुमार सुवेदी समेतको नाममा रहेको।



२) **नामथर:- माधवी सुवेदी**
उमेर:- ५५ वर्ष
स्थायी ठेगाना:- का.जि.का.म.न.पा. वडा नं. १३ ताहाचल।
पक्राउ मिति:- २०७८/०९/०६ गते।
पक्राउ स्थान:- का.जि., का.म.न.पा., वडा नं. १३ ताहाचल।
हैसियत:- सरकारी जग्गा गुठीको नाममा बनाई हाल उक्त जग्गा निज माधवी सुवेदी समेतको नाममा रहेको।

मिति:- २०७८/०९/०७ गते।

उप निर्देशक
( श्याम कुमार महतो )
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर ९८५१२९१३११